## नयां भवन निर्माण कार्यको लागि नक्शा पास गर्न अनिवार्य पेश गर्नु पर्ने कागजातहरु

१. जग्गाधनी प्रमाणपत्र (लालपुर्जा को प्रतिलिपि – १ प्रति

२. चालु आ.व.को मालपोत तिरेको रसीद वा तमसुकको प्रतिलिपि -१ प्रति

३. नारिकता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति

४. कित्ता नं. समेत प्रष्ट भएको नापी नक्शाको प्रमाणित सक्कल-१ प्रति

५. ईन्जिनियरिङ्ग Consultancy बाट तयार पारिएको घरनक्साहरु यस कार्यालयमा आ.ब.२०८३।०८४ मा सूची दर्ता भएका Consultancy हरुबाट तयार भएको -३ प्रति

६. पासपोर्ट साइजको फोटो -२ प्रति

७. मन्जुरी लिई बनाउने भएमा,

क) जग्गा धनिले मन्जुरी नामा सक्कल (नक्सा शाखाको रोहाबरमा सनाखत गर्नुपर्ने छ) १ प्रति

ख) मन्जुरी लिने व्यक्तिको नागरिकता प्रतिलिपि -१ प्रति

८. वारिस भएमा वारिसको नागरिकता प्रतिलिपि १ प्रति

९. स्टक्चर डिजाइन नक्शा- १ प्रति

१०. 'A' र 'B' वर्गको भवनको लागि थप

क) इलेक्ट्रीकल डिजाइन नक्शा- ३ प्रति

ख) स्यानिटरी र प्लम्बीङ् डिजाइन नक्शा - ३ प्रति

**पुनश्चः**

- मन्जुरीनामा र वारिसनामा पत्रको अक्षर र औठाको छाप कालो मसीबाट नेपाली कागजातमा नै पेश गर्नुपर्नेछ।
- निवेदक मोही भएमा जग्गा धनी वा गुठीको मन्जुरीनामा पत्र पेश गर्नुपर्नेछ ।
- नापी नक्शामा नदेखिएका तर फिल्डमा देखिने बाटोहरुको सम्बन्धमा न. पा. वाट दिशा र चौडाईसमेत खुलाईएको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।
- नापी नक्शा र भोगचलन गरेको जग्गाको आकार प्रकार फरक भएमा न.पा.को भोग चलन सम्बन्धी पत्र पेश गर्नुपर्ने ।

## साबिक घर भत्काई नयां घर बनाउन पेश गर्न पर्ने आवश्यक कागजातहरू

१. नापी नक्शामा नदेखिने तर पास भएको भए पास नक्शा र पास पुर्जाको प्रतिलिपि -१ प्रति

२. नापी नक्शामा देखिने घर भए सोको भुई तल्लाको प्लान एक, चार किल्लाको मोहोडा र साइट प्लान समेतको नक्सा प्रतिलिपि – ३ प्रति

३. भत्काउने घरको फोटोहरु (सम्भव भए सम्म चारै मोहरा र छाना)

४. अन्य कागजातहरुको हकमा नयां नक्शा पास दर्ता गर्दा कागजातहरु पेश गर्नु पर्नेछ ।

५ भूकम्पले जीर्ण पारेको घरको हक़मा प्रहरी मुचुल्का -१ प्रति सक्कल

Scanned with CamScanner

## नक्शा निवेदकले ध्यान दिनु पर्ने कुराहरु :-

१. साविक देखि चलिआएको पानी र ढल निकास बन्द गर्न पाइने छैन, ढल निकासको लागि आवश्यक परेको खण्डमा आफ्नो जग्गाबाट साविक बमोजिम निकास लैजान दिनुपर्नेछ ।

२. नक्शा पास नगरी निर्माण कार्य गर्नु हुदैन । नक्शा पास नहुदै निर्माण कार्य गरे/नगरेको कुनै पनि बखत साईट जांच गर्न सकिनेछ ।

३. नियम पूर्वक नक्शा दर्ता भईसकेपछि १५ दिने संधियार सूचनापत्र सम्बन्धित वडा मार्फत संघियारलाई पठाइनेछ र संधियारको १५ दिने म्याद समाप्त भई कसैको उजुरी नपरेमा मात्र सर्जमिन गरिने ।

४. सर्जमिनको अवस्था आफ्नो सिमाना प्रष्ट हुने गरी ३/३ इन्ची को पेग जमिन भन्दा डेड फिट सम्म देखिने गरी गाडिएको हुनुपर्नेछ । अन्यथा सर्जमिन गर्न कार्यालय बाध्य हुनेछैन ।

५. नक्शा पास म्याद दुई वर्षसम्म हुनेछ र अन्तिम एक पटकको लागि मात्र नियमानुसार दस्तुर बुझाई पुनः दुई वर्ष म्याद थप गरिने छ । म्याद थपको निवेदन चार वर्ष भित्र पेश गरिसक्नुपर्नेछ ।

६. यस नगरपालिकाको कार्यालयबाट ईजाजत प्राप्त डिजाइनर वा कन्सल्टेन्सीबाट सिफारिस गरिएको नक्शाहरु मात्र कार्यवाही गरिने छ ।

७. नक्शा पास प्रक्रिया समाप्त भईसकेपछि निवेदक वा अधिकार प्राप्त वारेसलाई नक्शा एक प्रति, पास पुर्जा एकप्रति दिइनेछ ।

८. स्वीकृत नक्शा भन्दा फेरबदल गरी निर्माण कार्य चालु राख्न परेमा फेरबदल गर्न खोजे अनुसारको संशोधित नक्शा तयार गरी स्विकृतिको लागि पेश गर्नुपनपर्नेछ र स्वीकृत भए अनुसार मात्र निर्माण कार्य गर्नु पर्नेछ ।

९. निर्माण कार्य सम्पन्न भई सकेपछि निर्माण सम्पन्न प्रमाणपत्र लिन निवेदन दिनु पर्नेछ । धारा, विजुली, टेलिफोन इत्यादी भौतिक सुविधाहरु उपभोग गर्न नक्शा शुल्क बुझाएको हुनु पर्नेछ ।

१०. निर्माण सम्पन्न प्रमाणपत्र पुरा वा आंशिक रुपमा पनि लिन सकिनेछ ।

११. स्वीकृत नक्शा भन्दा मापदण्ड विपरित हुने गरी निर्माण कार्य गरेमा निर्माण सम्पन्न प्रमाणपत्र दिन बाध्य हुनेछैन र भौतिक सुविधाहरुवाट बञ्चित हुनुको साथै कुनै पनि बेला भत्काउने कार्यवाही समेत हुन सक्नेछ ।

१२. म्याद भित्र निर्माणकार्य पुरा गरी निर्माण सम्पन्न प्रमाणपत्र समेत लिइसक्नु पर्नेछ ।

१३. मापदण्ड विपरित निर्माण कार्य भएको पाइएमा ईजाजत पत्र रद्द गरिनेछ ।

१४. व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि निर्माण हुने भवनहरुको भवन निर्माण अनुसारको जांच गरि डि.पि.सि.सम्म निर्माण गर्न अस्थायी स्वीकृति दिने व्यवस्था गरिएको छ ।

१५. नगर क्षेत्रभित्र नयां निर्माण हुने भवनहरुको नक्शा पास गर्दा भवनमा आवत जावत गर्ने सडक वा बाहिरी मोहडामा खुडकिला आफ्नै जग्गामा पर्ने गरी मात्र निर्माण गर्नु पर्नेछ ।

१६. हाइटेन्सन छेउमा भवन निर्माण गर्दा स्वीकृत मापदण्ड अनुसार भवन निर्माण गर्नुपर्नेछ र विद्युत तार (Face Wire) साइट प्लानमा देखाउनुपर्नेछ ।

Scanned with CamScanner